
# नवजात शिशुलाई कृत्रिम श्वासप्रश्वाश दिने उपकरणको पुनःप्रशोधन

## 1. तयारी

सीमित-स्रोत स्थितिमा नवजात शिशुलाई कृत्रिम श्वाशप्रश्वाश दिने मूलभूत उपकरणको पुनःप्रशोधन निर्देशिकामा दिइएका निर्देशनहरूको पालना गर्नुहोस् (*http://www.path.org/publications/details.php?i=2601*).

- सम्पूर्ण सुरक्षात्मक सामानहरू (पञ्जा, क्याप, मास्क, आँखा संरक्षक उपकरण, एप्रोन, जुत्ताहरू) पहिरिनुहोस्
- पुनःप्रशोधन प्रक्रिया क्षेत्र सफ्फा गर्नुहोस्
- पुनःप्रशोधन गरिने सामग्रीहरू तयार गर्नुहोस्
- पुनःप्रशोधनका लागि आवश्यक भाँडाहरूमा नाम, मिति, र सोल्युशन तयार पारिएको समय लेख्नुहोस्




स्वच्छ युटिलिटी/ जाँच पञ्जाहरू



निर्मल/उच्च स्तरीय दुषण निवारन/ निस्संक्रमित पञ्जाहरू


## 2. पूर्व निस्संक्रमण

### पूर्व-सफाई




क्लोरिन सोल्युशन 0.5% मा भिजाइएको गौजले उपकरणलाई पुछ्नुहोस्।

### पुर्जाहरू फुकाल्नु




उपकरणका पुर्जाहरूलाई पूरा फुकाल्नुहोस्।

### सफाई




सबै पुर्जाहरूलाई सफ्फा पानी र हल्का साबुनले धुनुहोस्। कुनै ठोस मैला छ भने ब्रुशले त्यसलाई सफ्फा गर्नुहोस्।

### पखाल्नु



सबै पुर्जाहरूलाई सफ्फा पानीले पखाल्नुहोस्।

### लाइमस्केल हटाउनुहोस् (आवश्यक छ भनेमात्रै)



पानी र ह्वाइट भिनेगर (3-5%) बराबर भाग मिसाएर उपकरणलाई 10 मिनेटसम्म भिजाउनुहोस् र त्यसपछि पखाल्नुहोस्। आवश्यक भए यो प्रक्रिया दोहोऱ्याउनुहोस्।

### सुकाउनु (निर्मलिकरण वा रासायनिक निस्संक्रमण पूर्व)




सफ्फा गौज वा लुगाले पुछ्नुहोस्।

## 3. निस्संक्रमण

### कुनै एक विधिले निस्संक्रमण गर्नुहोस्


**निर्मलिकरणः अटोक्लेभिङ्ग**



दिशा निर्देशनमा उपकरण निर्माताका निर्देशनहरू वा समय/तापमान तालिकाको अनुगमन गर्नुहोस्

*वा*


**उच्च स्तरीय निस्संक्रमणः**



सफ्फा पानीमा 20 मिनेट सम्म उमाल्नुहोस् वा बाफा लगाउनुहोस।


*वा*

**उच्च स्तरीय निस्संक्रमणः रासायनिक**




क्लोरिन सोल्युशन 0.5% मा 20 मिनेट भिजाउनुहोस्; वा ग्लुटोरलडिहाइड सोल्युशन 2.4% रसायन निर्माताका निर्देशनहरूको अनुगमन गर्नुहोस्।
उम्लेको पानीका 3 छुट्टाछुट्टै भाँडाहरूमा हरेकमा एक मिनेटसम्म पखाल्नुहोस्।

### निकाल्नुहोस्



पुर्जाहरूलाई एसेप्टिक प्रविधिद्वारा निकाल्नुहोस्।

### सुकाउनुहोस्




निर्मल गौजले पुछ्नुहोस् वा सुरक्षित स्थानमा हावाले सुकाउनुहोस्।


## 4. निस्संक्रमण पश्चात

### जाँच्नुहोस्




नोक्सानी भएको छ कि भनेर, सफाई र खनिज ठोस फोहोरहरू आँखाले हेर्दै जाँच्नुहोस्। सफ्फा भएको छैन भने पुनःप्रशोधन प्रक्रिया फेरि दोहोऱ्याउनुहोस्। क्षतिग्रस्त पुर्जाहरूलाई फेर्नुहोस्।

### पुर्जाहरू फेरि जोड्नुहोस्




उपकरणलाई फेरि पूरा जोड्नुहोस्।


### कार्य परीक्षण*





ब्यागलाई दुबाउनुहोस् र भाल्भ खोलिएको हेर्नुहोस्।




मास्कलाई सील गर्नुहोस् र जोडले दबाउनुहोस् अनि प्रेसर रिलिज भाल्भबाट हावा निस्कँदै छ वा छैन भनेर सुन्नुहोस्।





सिल लगाइराखेर नै हरेकपटक दबाएपछि ब्याग फेरि फुल्छ वा फुल्दैन भनेर जाँच गर्नुहोस्।



सक्सन उपकरणलाई दबाउनुहोस्, टुप्पोलाई थुन्नुहोस्, र छोड्नुहोस्। टुप्पोलाई नछोडिएसम्म उपकरण फुल्लिनु हुँदैन।

### भण्डारण



उपकरणलाई उच्च स्तरीय निस्संक्रमित प्लास्टिक वा धातुको भाँडामा ढक्कनी राम्ररी बन्द गरेर वा अटो क्लेभ्ड लुगामा बेह्रेर राख्नुहोस्।

⚠ **कुनै जाँच असफल हुन्छ भने पुर्जाहरू फेरि खोल्नुहोस् र जोर्नुहोस् अनि सबै जाँच दोहोऱ्याउनुहोस्। फेरिपनि जाँच असफल हुन्छ भने उपकरणलाई सेवाबाट हटाउनुहोस्।*

Helping Babies Breathe THE GOLDEN MINUTE
American Academy of Pediatrics DEDICATED TO THE HEALTH OF ALL CHILDREN
USAID FROM THE AMERICAN PEOPLE
PATH
June 2016